# फूर्दैन कबिता!!

-एनपी खार्पाली

सुनिन्छ-
दु:खमा, एक्लो हुदा,
चित्त ब्याकुल रहदा,
मन् पोल्दा,
छटपटीमा फूर्छन रे कबिता।
यसो पनि भनिन्छ,
प्रेममा धोखा मिल्दा,
वा चाहानाहरुको हत्या हुदा
अथवा कोशिशहरू नाकाम रहदा
पनि निराशामा फूर्छन रे कबिता।
त्यति मात्र होईन
हौसलामा, ऊत्साहामा,
जोशमा, उमंगमा
क्रान्तिमा, अनि जंगमा,
उम्लिन्छ रगत, पोखिन्छ पसिना
र फूर्छन रे कबिता।
मात्ने हरूलाई पनि फूर्छन रे
कबिता।
नाँच्नेहरूमाथि पनि थूर्छन रे
कबिता।
आँशुका थोपा माथि फूरेका छन
कबिता।
भोकका आगो माथि जुरेका छन
कबिता।
यौटकुरा पक्का हो
कबिता फूर्न भानुभक्तको घाँसी
चाहिन्छ।
ऊ घाँस तिरै ब्यस्त छ क्यारे
बरू पर्खिनु पर्ला उ आउन्जेल,
कतै जुर्ला कि कबिता!
यतिबेला त पटक्कै फूरेन कबिता।

-भानु जयन्ती, जुलाई १४, २०१२
एड्मन्टन् क्यानाडा ।